# पाणिनी गाउँपालिका

Panini Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय

Office of the Rural Municipal Executive

दुर्गाफाँट, अर्घाखाँची
Durgaphant, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


पत्र सङ्ख्या/Letter No.:
चलानी नं./Ref.No.:

## नि:शुल्क शारीरिक अपाङ्गता परीक्षण घुम्ती शिविर सञ्चालनसम्बन्धी सूचना !

(प्रकाशन मितिः २०८०/०३/०३)

पाणिनी गाउँपालिकाको आ.व. २०७९/८० को स्वीकृत वार्षिक विकास कार्यक्रम बमोजिम समावेशीकरण तथा मूलप्रवाहीकरण कार्यक्रम अन्तर्गत विकलाङ्ग मित्र समूहद्धारा सञ्चालित अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्र(HRDC), बनेपा, काभ्रेपलाञ्चोकसँगको सहकार्यमा १८ वर्षसम्मका शारीरिक अपाङ्गता भएका बालबालिकाको लागि नि:शुल्क शारीरिक अपाङ्गता परीक्षण घुम्ती शिविर तपसिलको मिति, समय र स्थानमा सञ्चालन हुने र शारीरिक अपाङ्गता परीक्षण शिविरमा उल्लिखित अवस्थाहरूको जाँच गरिने भएकाले सम्बन्धित व्यक्तिहरूले शिविरबाट सेवा लिनुहुन सबैको जानकारी लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

**मितिः** २०८० असार ०८ गते, शुक्रबार,

**समयः** बिहान ०८:०० बजेदेखि,

**स्थानः** दुर्गाफाँट, अर्घाखाँची ।

**घुम्ति शिविरमा जाँच गरिने अवस्थाहरूः**

- जन्मजात खुट्टाको पैतला भित्र फर्केको (क्लब फुट),
- आगोले पोलेर अङ्गहरू एक आपसमा टाँसिएको,
- भाँचिएर बाङ्गो भएको वा हड्डी नजोडिएको खुट्टा लुलो र कमजोर भएको ढाड बाङ्गो वा कुप्रो भएको, जोर्नीहरु र घुँडाको पाँडो खुस्किएको,
- जोनीहरु दुख्ने र सुन्निने समस्या भएको,
- हड्डी पाकेर पिप आईरहने र हड्डीको टि.वि. रोग लागेको,
- औंलाहरु एक आपसमा टाँसिएको वा बढी भएको,
- शरीरका विभिन्न जोर्नीहरू बाङ्गो वा खुस्किएको,
- अन्य हाडजोर्नी सम्बन्धी समस्या भएका,
- सहायक सामग्री र कृत्रिम अङ्गको आवश्यकता भएका ।

२०८०/०३/०३

प्रमुख प्रशासकीय अधिकृत

***पुनश्चः** घुम्ती शिविरबाट पहिचान भएका बालबालिकाहरूलाई शल्यक्रिया गर्नुपरेमा सो समेत बाल अस्पताल तथा पुनर्स्थापन केन्द्र(HRDC)बाट नि:शुल्क हुने बेहोरा जानकारी गराइन्छ ।*